दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २०५ | बुटवल | २०८१ साउन ०७, गते सोमबार | नेपाल संवत ११४४ | Monday July 22, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

कोरिया-नेपाल बहुप्राविधिक शिक्षालयः

# पर्याप्त पूर्वाधार र कम शुल्क तर विद्यार्थी अभाव

**रोजगारमूलक सीप सिकाएर श्रम बजारलाई चाहिने दक्ष जनशक्ति उत्पादन गर्ने, उनीहरूलाई रोजगार वा उद्यमशिल बनाउने देशकै ठूलो र बुटवलको गहना मानिएको संस्थामा विद्यार्थी अभाव भएपछि यसको भविष्यबारे चिन्ता उत्पन्न भएको छ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

दक्षिण कोरिया सरकारको करिब ७० करोड लगानीमा बुटवलको तामनगरमा सञ्चालनमा रहेको कोरिया-नेपाल बहुप्राविधिक शिक्षालय ( केएनपीआइ ) ले पछिल्ला वर्षहरूमा विद्यार्थीको अभाव झेल्न थालेको छ। पर्याप्त भौतिक पूर्वाधार, प्राक्टिकलका लागि पर्याप्त मेशिनलगायत सुविधा, निजी कलेजको तुलनामा सस्तो शुल्क हुँदाहुँदै विद्यार्थी अभाव हुन थालेपछि यसको भविष्यमाथि नै चिन्ता उत्पन्न भएको छ।

यो संस्थामा सीटीइभिटीअन्तर्गतको अटोमोबाइल्स, इलेक्ट्रिकल एण्ड इलोक्ट्रोनिक्स, इन्फरमेसन टेक्नोलोजी, मेकानिकल तथा रेफ्रिजेरेसन एण्ड एअर कण्डिसन इञ्जिनियरिङ गरी ५ विषयमा डिप्लोमा तहको तीन वर्षे कोर्स पढाइ हुन्छ। यिनै ५ विषयमा ३९० घण्टादेखि २४ महिनेसम्मका छोटा अवधिका तालिम र पढाइसमेत हुने गर्छ।

हरेक विषयमा जेहेन्दार ५ जनाका दरले २५ जनाले निःशुल्क छात्रवृत्ति पाउँछन् भने विपन्न, दलित, मुस्लिम, मधेशी, लोपोन्मुख समुदायका विद्यार्थीले सरकारबाट उल्टै पैसा पाउँछन्। उनीहरूले कोठा भाडावापत मासिक २ हजार, यातायातवापत वार्षिक १५ सय, पोशाकवापत वार्षिक २५ सय र मासिक ३५ सय पारिश्रमिक समेत पाउँछन्। यस्तो रकम हरेक विषयमा ४० जनाका दरले पाउन सक्छन्। तीन वर्षको शुल्क ९८ हजार मात्र लाग्छ।

यहाँ पढ्ने विद्यार्थीले पढाइ पूरा गरेपछि कि राम्रो तलबको जागिर पाउँछन् कि आफैं उद्यमी व्यवसायी बन्न सक्ने संस्थाका प्रिन्सिपल नवीनकिशोर गैरेको दाबी छ। गत वर्ष रेफ्रिजेरेसन एण्ड एअर कण्डिसन इञ्जिनियरिङमा विद्यार्थी भर्ना हुनै आएनन्। संस्थामा ७२० सय जना विद्यार्थी भर्ना गरेर पढाउन सकिने पूर्वाधार भए पनि ५ सय हाराहारी विद्यार्थी मात्र छन्।

यो वर्ष २४० जना भर्ना गर्न सकिने कोटामा ६५ जना मात्र आएका गैरेले बताए। यद्यपि केही दिन भर्नाको म्याद रहे पनि धेरै आशावादी हुने अवस्था नरहेको बताए। हरेक वर्ष विद्यार्थी संख्या घट्दै गएको उनको भनाइ छ। 'पढाइ पूरा गरेर प्रमाणपत्र हात परेपछि कोही पनि बेरोजगार बस्नु पर्दैन, स्कोप ठूलो छ, तर विद्यार्थीकै समस्या हुन थाल्यो,' प्रिन्सिपल गैरेले भने-'रोजगारमूलक सीप सिकाउने, श्रम बजारलाई चाहिने दक्ष जनशक्ति उत्पादन गर्ने, रोजगार र उद्यमशिल बनाउने देशकै ठूलो र बुटवलको गहना भनिएको संस्थामा विद्यार्थी अभाव भएपछि हामी यसको भविष्यबारे चिन्तित भएका छौं।'

यहाँ पढेर अटोमोबाइल्सतर्फ प्रथम हुनेलाई सिप्रदीले एक लाख नगद पुरस्कारसहित उत्तीर्ण हुने सबैलाई रोजगारी सुनिश्चित गरेको मेकानिकल विभाग प्रमुख दिलीप केसीले बताए।

प्रिन्सिपल गैरेको बुझाइमा कोर्स केही कठिन भएकाले विद्यार्थीहरूको आकर्षण घटेको हो। यसतर्फ सीटीइभिटीले अध्ययन गरी परिमार्जन गर्नुपर्ने र प्राक्टिकलतर्फ बढी अंक बनाएर विद्यार्थीको आकर्षण बढाउनुपर्ने औंल्याए।

बुटवल उप-महानगरकी उपप्रमुख सावित्रा अर्यालले केएनपीआइमा विद्यार्थी अभाव हुन नदिन बुटवल उपमहानगर र छिमेकी पालिकाहरूमा यहाँ पढाइ हुने विषयको महत्वबारे प्रचारप्रसार फैलाउन आवश्यक रहेको औंल्याइन। 'यो संस्था र बीटीआइ बुटवलका गहना हुन्, दुबैलाई कमजोर हुन नदिन आवश्यक प्रयास गर्छौं।'-उनले भनिन्।

**रूट इन्ड्रष्टिज तालिम**

कोरिया नेपाल बहुप्राविधिक शिक्षालयमा गत वर्षदेखि रूट इन्ड्रष्टिज तालिम सुरुवात गरिएको छ। १२० घण्टा कोरियन भाषा तालिम र १२० घण्टा वेल्डिङ तालिम दिने गरी यो कार्यक्रम सञ्चालनमा आएको हो। गत वर्ष ३० जनाले तालिम लिएर कोरिया गएकामा यस वर्ष ५० जना छनोट भइ तालिम लिन लागेका हुन्। यसको शुल्क ५५ हजार ५ सय रुपैयाँ छ। यो तालिममा २१-३५ बर्ष उमेरका मात्रै सहभागी हुन पाउँछन्। यो तालिम पूरा गरेकाहरू इपीइएस प्रणाली अनुसार नै कोरिया जान पाउँछन्। तर यो तालिम लिनेहरूलाई अरूलाई भन्दा केही सहज र बेग्लै व्यवस्था हुने यो तालिम भित्राउन मुख्य भूमिका खेलेका यसका जानकार गम्भीर गुरूङ बताउँछन्। यो तालिम लिनेहरूलाई भाषा परीक्षामा ३५ अंक ल्याए मात्र हुने र एक पटकमा जान नपाए अर्को पटकमा जान पाउने संभावना ९० प्रतिशत हुने गुरूङले बताए।

शिक्षालयका रूट इन्डष्ट्रिज कार्यक्रम संयोजक अमर अधिकारीले कोरिया सरकारको सहयोगमा यो तालिम आयोजना गरिएको र कोरियासरकारबाट नै औद्योगिक कामदारको रूपमा दक्ष कामदार लैजाने जनाए। शिक्षालयका मेकानिकल विभाग प्रमुख दिलिप केसीले तालिम सकिएपछि सीप परीक्षण हुने र त्यसमा पास भएका विद्यार्थीलाई कोरिया सरकारले लैजाने जानकारी दिए।

कार्यक्रममा प्रशिक्षार्थी गोपालकुमार रोकालगायतले स्वदेशमा रोजगारी गर्दा राम्रो तलब नहुने भएकाले विदेश जानु बाध्यता परेको भनाइ राखेका थिए।

# प्रधानमन्त्री ओलीले पाए विश्वासको मत



बुटवल। प्रधानमन्त्री केपी ओलीले विश्वासको मत पाएका छन्। माओवादी केन्द्रसँगको समीकरण भत्काएर कांग्रेससँग गठबन्धन गर्दै प्रधानमन्त्रीमा नियुक्त भएका ओलीले १८८ मत प्राप्त गरेका हुन्।

विश्वासको मतमाथिको प्रस्तावमा मतदान प्रक्रियामा २६३ सांसदले भाग लिएकामा विश्वासको मतको विपक्षमा ७४ सांसदले मतदान गरे। ओलीलाई एमाले, नेपाली कांग्रेस, जसपा, जसपा नेपाल, लोसपा, जनमत, नाउपालगायतका दलले मत दिएका छन् भने माओवादी केन्द्र, एकीकृत समाजवादी, रास्वपा, राप्रपा, राजमो, नेमकिपालगायतका दलले विश्वासको मतको विपक्षमा मतदान गरे। १ जना सांसद तटस्थ बसे।

# मुख्यमन्त्री महराद्वारा राजीनामा



दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले पदबाट राजीनामा दिएका छन्। एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री महराले आइतबार विश्वासको मत लिने कार्यसूची थियो। तर विश्वासको मत नपुग्ने निश्चित भएपछि उनले प्रदेश सभालाई सम्बोधन गर्दै पदबाट राजीनामा दिएका हुन्। कामचलाउ भएर एकछिन पनि बस्न नसक्ने बताउँदै उनले कांग्रेस-एमालेलाई नयाँ सरकार छिटो बनाउन आह्वान गरेका छन्। मुख्यमन्त्री महराले सम्बोधनको क्रममा आफ्नो कार्यकालमा सहयोग गरेको भन्दै सभामुख, मन्त्रिपरिषद् सदस्य, सांसद, कर्मचारीलगायतप्रति आभार प्रकट गरे। आफूले मन्त्रिपरिषद्का सदस्यहरूलाई पूर्णविश्वास गरेको र मन्त्रीहरूले पनि विश्वास डगमगाउन नदिएको उनले बताए।

सबैको सुझावको आधारमा बजेट ल्याएको भन्दै उनले बजेट कार्यान्वयन गर्न पनि सुझाव दिए।

महराको राजीनामापछि कांग्रेस-एमालेले नयाँ सरकार गठनको तयारी गरेका छन्। दुई दलबीच एमाले संसदीय दलका नेता लिला गिरीलाई मुख्यमन्त्रीको रूपमा अघि सार्ने सहमति भएको एमाले प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले जानकारी दिए। कांग्रेस र एमालेबीच मुख्यमन्त्री को बन्ने भन्ने टुंगो नलागेको भन्दै महराले राजीनामा दिएका थिएनन्। एमाले संसदीय दलका उपनेता चेतनारायण आचार्यले पार्टी केन्द्रले मुख्यमन्त्रीबारे निर्णय गरिनसकेको जानकारी दिए। 'आइतबार रातिसम्म केन्द्रले टुंगो लगाउला।'-आचार्यले भने। ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेका २९ र कांग्रेसका २७ सांसद भएकाले दुई दल मिल्दा स्पष्ट बहुमत पुग्छ।

# यस्ता छन् कांग्रेस-एमाले सहमतिका बुँदा

बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले गत असार १७ गते मध्यराति नेकपा एमाले र नेपाली कांग्रेसबीच भएको ७ बुँदे सहमति सार्वजनिक गरेका छन्। आइतबार संसदबाट विश्वासको मत माग्ने क्रममा प्रधानमन्त्री ओलीले सहमतिका ७ बुँदा वाचन गरेका हुन्।

सरकार गठन भएको मितिले पहिलो दुई वर्ष एमाले अध्यक्ष ओलीले सरकारको नेतृत्व गर्ने र त्यसपछिको बाँकी अवधि चुनावसम्मै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने सहमति भएको उल्लेख गरिएको छ। १. आमजनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराइ संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने।

२. राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा रहेका अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।

३. अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने।

४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आम निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति माननीय शेरबहादुर देउवाले सकारको नेतृत्व गर्ने।

५. राष्ट्रिय हितको रक्षा गर्न भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने।

» *बाँकी ३ पेजमा*

# देशभर एक हजार छ सय ५७ जनामा डेङ्गु सङ्क्रमण




काठमाडौँ। पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेङ्गु सङ्क्रमण बढ्दै गएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपीडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार छ सय ५७ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ। मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन् अवस्था अनुकूल बन्नसक्ने र डेङ्गुको सङ्क्रमण पनि बढ्नसक्ने आँकलन गरिएको उनले बताए। उनले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जानकारी दिए।

सबैभन्दा बढी काठमाडौँ जिल्लामा एक सय ९६ जनामा डेङ्गु देखिएको छ। त्यसपछि झापामा एक सय २८ र चितवनमा ९२ जनामा सङ्क्रमण देखिएको डा.दाहालले बताए। वर्षाकाबेला पानी सङ्कलन गरेर राख्ने, सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भन्दै त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको उनले उल्लेख गर।

**उपत्यकामा २५५ जनामा सङ्क्रमण**

उपत्यकामा दुई सय ५५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ। काठमाडौँमा एक सय ९६, भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको हो। "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ।"- रोग शाखाका प्रमुख डा.दाहालले भने। डेङ्गु सङ्क्रमण अझैं बढ्ने भएकाले सतर्कता अपनाउन उनले आग्रह गरे।

» *बाँकी ३ पेजमा*

साझा विज्ञापन दररेट सार्वजनिक गरिएको सूचना

दैनिक लुम्बिनी | दैनिक पत्र | तिलोत्तमा | मेचीकाली सन्देश | बुटवल टुडे

पत्रकारितामा मोफसलको राजधानी बुटवलबाट प्रकाशित हुँदै आएका नेपाल सरकार प्रेस काउन्सीलद्वारा राष्ट्रिय स्तरमा सूचिकृत लुम्बिनी प्रदेशमा सर्वाधिक विक्रि हुने पत्रपत्रिकाहरु दैनिक लुम्बिनी, मेचिकाली सन्देश दैनिक, दैनिक पत्र दैनिक, बुटवल टुडे दैनिक र नव तिलोत्तमा दैनिकले आर्थिक वर्ष २०८१/८२ को लागि साउन देखी लागु हुनेगरि विज्ञापनको साझा दररेट निम्नानुसार हुने व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| पृष्ठ | गैर सरकारी (प्रति कोलम से.मी) | | सरकारी विज्ञापन (प्रति कोलम से.मी.) | |
|---|---|---|---|---|
| | रंगीन | श्यामस्वेत | रंगीन | श्यामस्वेत |
| पहिलो पृष्ठ | ८०० | ७०० | १४०० | १२०० |
| अन्तिम पृष्ठ | ७०० | ६०० | | |
| भित्रि पृष्ठ | ६०० | ५०० | | |

एयर प्यानल — रू. २००० प्रति अंक
राहदानी हराएको सूचना — रू २००० प्रति राहदानी
वर्गीकृत डिस्प्ले — कलर रु ७००, श्यामश्वेत रु ५०० प्रति अंक

नोट : विज्ञापनको प्रकृति, परिमाण, अग्रिम भुक्तानीको आधारमा छुटको सुविधा प्रदान गरिनेछ।

## सम्पादकीय

# भन्सार राजस्व घट्दाको असर

भैरहवा भन्सार कार्यालय मुलुककै दोस्रो ठूलो भन्सार कार्यालय हो । आयात-निर्यात हुने पहिलो वीरगञ्ज भन्सार कार्यालयपछि भैरहवा भन्सार कार्यालयले लगातार तीन वर्षदेखि लक्ष्यअनुसार राजस्व संकलन गर्न सकेको छैन । भन्सार विभागले भैरहवा भन्सार कार्यालयलाई आव २०८०/०८१ मा १ खर्ब २७ अर्ब ८३ करोड ६६ लाख राजस्व संकलनको लक्ष्य दिएकोमा ८० अर्ब ७२ करोड अर्थात् लक्ष्यको ६३ दशमलव २४ प्रतिशत राजस्व संकलन भएको छ । आब २०७८/०७९ मा लक्ष्यको ९१ प्रतिशत र  २०७९/०८० मा लक्ष्यको ४९ प्रतिशत राजस्व संकलन भएको थियो । भन्सार राजस्वमा निर्भर देशको आम्दानी भन्सार राजस्व न्यून संकलन भएसँगै घटेको छ । आम्दानी घट्दा सरकारका हरेक काम प्रभावित हुन थालेका छन् ।

निरन्तर राजस्व संकलन घट्नुको कारण मुलुकको आर्थिक मन्दी एउटा प्रमुख कारण हो नै, अर्कोतिर वर्षेनी बजेटको आकार बढ्दै गएकाले लक्ष्य निर्धारण यथार्थ अवस्थाभन्दा माथि राख्नु पनि हो । आर्थिक मन्दीले नागरिकको उपभोग क्षमता कमजोर भएकाले न्यून आयात बढ्न सकेको छैन । आयात बढ्न नसकिरहेको बेला लक्ष्य धेरै राख्नु कमजोरी हो । लक्ष्य धेरै राख्ने तर संकलन कम हुँदै आएकाले समस्या छ । भैरहवा भन्सार नाका कुनै बेला आयातको केन्द्र बन्यो । मधेस आन्दोलनको केन्द्र वीरगञ्ज नाका हुँदै आयात गर्ने कतिपय ठूला व्यापारीले भैरहवा रोजे । वीरगञ्जबाट हुने आयात भैरहवाबाट हुन थालेपछि भन्सार राजस्व बढ्नु स्वभाविकै थियो । भैरहवा नाकालाई रोजेका व्यवसायी बिस्तारै वीरगञ्ज नाकाबाटै आयात गर्न थाले । भैरहवा भन्सार कार्यालयको भन्सार राजस्व घट्नुको कारण भैरहवालाई रोजेका व्यवसायी वीरगञ्जतिर फर्कनु हो ।

सरकारले २०७८ पुष ५ गतेबाट लागू भएको अनिवार्य प्रतितपत्र (एलसी)खोलेर शतप्रतिशत र दुई वटा शीर्षकमा ५० प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेसँगै आयात न्यून भएर राजस्व संकलन भएको देखिन्छ । यो व्यवस्था लागू हुनुअघि मंसिरसम्म राजस्व संकलन राम्रो देखिन्छ । प्रतितपत्र खोल्न नसक्ने साना व्यवसायीले आयात गर्न नसक्ने भए । उनीहरुले खुला सीमामा रहेका विभिन्न नाकाको प्रयोग गरी चोरी पैठारी सामान ल्याउन बाध्य भए । त्यसरी सामान आउँदा पनि राजस्व संकलन प्रभावित भएको देखिन्छ ।

अब सरकारले चोरी पैठारी रोक्ने कामलाई प्राथमिकता दिनुपर्छ । अर्को महत्वपूर्ण काम भनेको कार्यान्वयन हुनै नसक्ने लक्ष्य राख्नु हुँदैन् । भन्सार कार्यालयभित्रको आन्तरिक प्रशासन सुधार र भन्सार विन्दुभन्दा बाहिरबाट हुने आयातलाई रोक्न सक्दा राजस्व संकलन धेरै सुधार हुन सक्छ । आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउने गरी आउने मौद्रिक नीतिले पनि आयात बढ्न सक्ने भएकाले मौद्रिक नीति बजारलाई चलायमान बनाउने गरी ल्याउन प्राथमिकता दिनुपर्छ ।

# नेप्से परिसूचक ६१ अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अङ्कले बढ्दा कारोबार रकम रु १५ अर्ब नाघेको छ । नेप्से परिसूचक ६१ दशमलव ६१ अङ्क अर्थात् दुई दशमलव ५४ प्रतिशतले बढेर दुई हजार चार सय ८५ दशमलव ९४ को विन्दुमा कायम भएको हो ।

तीन सय १५ कम्पनीको चार करोड ११ लाख ९५ हजार पाँच सय ३४ कित्ता शेयर एक लाख ७७ हजार चार सय ६७ पटक खरिदबिक्री हुँदा रु १५ अर्ब २३ करोड ८२ लाख ७१ हजार दुई सय ९० बराबरको कारोबार भएको छ । व्यापार समूहको उपसूचकमा सबैभन्दा धेरै छ दशमलव ८० प्रतिशतले बढेको छ । बैंकिङ तीन दशमलव ८६, विकास बैंक एक दशमलव ४१, वित्त एक दशमलव ५१, होटल तथा पर्यटन चार दशमलव २१, जलविद्युत् एक दशमलव ३७ र लगानी समूह दुई दशमलव ६८ प्रतिशतले बढेको छ ।

उत्पादन तथा प्रशोधन दुई दशमलव ९७, लघुवित्त एक दशमलव ६१, म्युचुअल फन्ड एक दशमलव ५२, निर्जीवन बिमा शून्य दशमलव ६५ र अन्य समूह तीन दशमलव ३८ प्रतिशतले बढेको छ । युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सिक्लेस हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोल्टी होटल लिमिटेडको रु ३४ करोड १० लाख ९६ हजार तीन सय सात बराबरको कारोबार छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको १४ लाख ९० हजार पाँच सय ५० कित्ता शेयर किनबेच भएको छ ।

# कमरेड पुष्पलाल र नेपाल कम्युनिष्ट पार्टीको उत्कर्ष



**झपेन्द्र जीसी**



» *गताङ्कको बाँकी.....*

**४.८ दरभङ्गा प्लेनम र पुष्पलाल**

२०१७ साल फाल्गुणमा दरभङ्गामा नेकपाको प्लेनम भयो । राजनीतिक विवादका कारण बैठक एक महिनासम्म चल्यो । क. मोहनविक्रमले संविधानसभाको निर्वाचनको लागि राजनीतिक आन्दोलनमा जानु पर्छ, भन्नु रायमाझीले वैधानिक राजतन्त्र र निर्देशित प्रजातन्त्रको वकालत गरे भने कमरेड पुष्पलालले तत्कालिक राजनीतिक आन्दोलनको मुख्य एजेण्डा विघटित संसदको पुनर्स्थापना नै हो र यसका लागि नेपाली कांग्रेस समेतलाई साथ लिएर आन्दोलनमा जानु पर्छ भन्ने खालको विचार प्रस्तुत गर्नु थियो । झ्वाट्ट सुन्दा राणनीतिक रूपमा क्रान्तिकारी नारा क. मोहन विक्रमको भए पनि व्यवहारिक र तात्कालिक नारा पुष्पलालकै थियो भन्ने कुरा २०४६ साल र ०६२/०६३ का लोक आन्दोलनले प्रष्टयाएको छ । स्मरणरहोस् कमलराज रेग्मी र प्रेमप्रकाश नेपाल दरभङ्गा प्लेनमका बेला जेलमा रहेकाले अनुपरायित हुनु स्वाभाविकै थियो ।

**४.९ तेस्रो महाधिवेशन र पुष्पलाल**

क. पुष्पलालको प्रमुख अगुवाइमा तेस्रो महाधिवेशनको आयोजना भयो । तुलसी लालद्वारा प्रस्तुत राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम ८२ प्रतिशतले पारित भयो । महासचिवमा पनि तुलसीलाल नै निर्वाचित हुनु भयो । विघटित संसदको पुनर्स्थापनाका लागि संघर्ष गरौं भन्ने पुष्पलालको कार्यक्रम र संविधानसभाको निर्वाचनका लागि संघर्ष गरौं भन्ने मोहन विक्रम सिंहको कार्यक्रम अल्पमतमा परे । सोभियत ब्लकको शान्तिपूर्ण संक्रमण र चिनियाँ जनवादी लाइनको महाविवादको प्रभाव पार्टी महाधिवेशनमा पनि पर्‍यो । राजाको प्रतिगामी कदमको स्वागत गर्नेहरू केशरजङ्ग रायमाझी डी.पी. अधिकारी र कमर शाह निष्काशित भए । तेस्रो महाधिवेशनपछि पार्टी अघि बढ्न सकेन स्थानीय कमिटीहरू पनि निष्क्रिय भए ।

**५ पुष्पलाल र पार्टी पुनर्गठनको अभियान**

कमरेड पुष्पलालले नेकपालाई पुनर्जीवन दिने उद्देश्यले २०२४ सालमा तेस्रो महाधिवेशनबाट निर्वाचित पुष्पलाल, हिकमत सिंह, देवेन्द्रलाल, बलराम उपाध्याय, एकदेव आले र प्रेमप्रकाश नेपालसहितको भेला गरी नयाँ जनवादी कार्यक्रमको मार्ग दर्शनमा पार्टी पुनर्गठन गर्ने योजनालाई अगाडि सार्नु भयो । जसअनुरूप २०२५ साल जेठ महिनामा गोरखपुर कसायमा भएको तेस्रो सम्मेलनबाट मार्ग दर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद र माओत्से तुङ विचारधारा आधारमा गर्दै विधिवत रूपमा नयाँ जनवादी कार्यक्रमलाई अगाडि सारियो । पुष्पलालद्वारा लिखित नयाँ जनवादी क्रान्तिको कार्यक्रम पुस्तक नै प्रकाशित छ जसमा सोभियत रूसी पार्टीबाट अगाडि सारिएको शान्तिपूर्ण संघर्षको सिद्धान्तको विरोध गरिएको छ । सो पार्टीको तेस्रो सम्मेलन पछि राष्ट्र्व्यापी रूपमा र विशेष गरी लुम्बिनी र गण्डकी क्षेत्रमा पार्टी व्यापक रूपमा विस्तारित भयो । पहिलो पुस्ताका नेताहरू राजदरबार र पञ्चायततिर लागे पनि पुष्पलालको अगुवाइमा पार्टीले सङ्गठनात्मक क्षेत्रमा, वैचारिक र संघर्षका क्षेत्रमा फडको मार्‍यो । १/२ को पार्टी सर्कुलरअनुसार भूमिगत ढङ्गले पार्टी निर्माण गर्न पेशेवर र भूमिगत कार्यकर्ताको सङ्ख्या र शैली अघि बढ्यो तिन "स" को सिद्धान्त संगठन, संघर्ष र सिद्धान्त अगाडि बढाइयो । पार्टीलाई किसानका बीचमा बसोबास गराऊ भन्ने नारा लोकप्रिय नारा रूपमा स्थापित भयो । जसअनुरूप लुम्बिनी क्षेत्रमा किसानहरूले हाम्रो बचत फिर्ता गर भन्ने नाराका साथ २०३० साल कार्तिक २६ गते जिल्ला सदरमुकाम घेराऊका कार्यक्रमहरू सम्पन्न भए । यो अवधि लुम्बिनी र गण्डकी क्षेत्रमा नेकपा र पुष्पलालको स्वर्ण काल रह्यो । स्मरणीय छ ०२९ सालमा भएको चौथो सम्मेलनबाट "संयुक्त जनआन्दोलनको कार्यक्रमलाई संघर्षको कार्यक्रमको रूपमा अगाडि सारिएको थियो । पुनः २०३० सालका किसान संघर्षपछि प्रशासनले व्यापक धडपकड चलाएपछि धेरै कार्यकर्ता र नेताहरू निर्वासित, पलायन र निष्क्रिय भए । पार्टी कार्यकर्ता संरक्षण गर्न नसकेको र आन्दोलनको लागि कार्यकर्ताहरूलाई अपेक्षित कार्यक्रम दिन नसकेको आरोप लगाउँदै थुप्रै कार्यकर्ताहरूले पुष्पलाललाई छोड्ने क्रम पनि सुरु भयो ।

**६.बहुकेन्द्र निर्माण, विभाजन र पार्टी एकीकरणका श्रृङ्खलाहरू**

-तेस्रो २०२२ सालतिर महाधिवेशनबाट निष्कासित केशरजङ्ग रायमाझीले सम्मेलन गरी नेकपा नामको एउटा गुट बनाए, जुन फेडेको नामले चर्चित छ, सँगै मिलेर पार्टी पुनर्गठन गरौं भन्ने पुष्पलालको प्रस्तावलाई अस्वीकार गरी जेलबाट छुटेका क. मनमोहन अधिकारी, क.मोहन विक्रम सिंह, क. शम्भुराम श्रेष्ठहरूको अलग्गै केन्द्रीय न्यूकलेस गठन भयो ।

-केन्द्रीय न्यूक्लेस केही समयपछि विघटन प्रायम यो मोहन विक्रम सिंह र निर्मल लामाको नेतृत्वमा २०३१ सालमा नेकपाको चौथो महाधिवेशन भयो, राजा र कांग्रेस समान दुश्मन हुन् भन्ने यसको मूल दृष्टिकोण रह्यो ।

-उता मोरङ प्रान्तीय कमिटीको झापा जिल्ला कमिटीले चारू मजुमदारको वर्ग शत्रु सफाय अभियानबाट प्रभावित भइ क.मोहनचन्द्र अधिकारी, के.पी. ओली, राधाकृष्ण मैनाली, सीपी मैनालीहरूले झापा विद्रोहमार्फत् वर्ग  शत्रु सफाय अभियानलाई अगाडि बढाउनु भयो । सोही आन्दोलनको धारले अखिल नेपालको अडिनेसन कमिटी (को के) निर्माण गरेको इतिहास छ ।

-पुष्पलाल समूहबाट विद्रोह गरी अलग भएको मुक्ति मोर्चा समूह र जीवराज आश्रित, मोदनाथ प्रश्रित, मदन भण्डारी, सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, वामदेव गौतमलगायतले  पनि लुम्बिनी अञ्चल क्षेत्रमा पार्टी कामलाई अगाडि बढाउने काम भयो ।

-२०३५ साल पौष ११ गतेका दिन को के र मुक्तिमोर्चा समूह एकीकृत भइ नेकपा (माले) गठन भयो ।

**७. पुष्पलालको निधन र त्यसपछिको अवस्था**

नेकपाका संस्थापक महासचिव, कमरेड पुष्पलालको २०३५ साल श्रावण ७ गते गोविन्दबल्लभ पन्त अस्पतालमा मुटुरोगको उपचारका क्रममा महाप्रस्थान हुन्छ । उहाँको शव नेपाल ल्याउन राज्यले दिएन, तर उहाँको अस्तु भने आर.सी. चापागाईंको अगुवाइमा काठमाडौंमा गुप्त रूपले ल्याउने काम गरियो निरंकुश पञ्चायती शासनको दमनका बाबजुद पनि जनताको भव्य उपस्थितिमा अस्तुलाई ससम्मान समाधिस्त गर्ने काम भयो ।

स्मरणीय छ :- कमरेड पुष्पलालकै संयुक्त आन्दोलनको नीति बमोजिम २०४६ सालमा वाममोर्चा र नेपाली कांग्रेसको संयुक्त मोर्चा र संयुक्त क्रान्तिकारी मोर्चाको अगुवाइमा २०४३ सालको आन्दोलन सफल भयो ।

२०४६ सालको आन्दोलनपछि २०४८ सालमा नेकपा माले र नेकपा (मार्क्सवादी) मनमोहन, सहाना नेतृत्वको पार्टी एकीकरण भइ नेकपा एमाले बन्यो ।

मोहनविक्रम सिंहद्वारा अगाडि बढाइएको कम्युनिष्ट घटक पनि अनेक विभाजन र एकीकरणका श्रृङ्खलाहरूलाई पार गर्दै नेकपा मसालका रूपमा स्थापित हुन्छ । जसको नेतृत्व प्रचण्ड, बाबुराम, मोहन वैद्य किरण, बादलहरूले गर्नुभयो ।

२०४८ सालको निर्वाचनमा नेकपा एमाले संसदमा दोस्रो प्रतिपक्ष शक्ति र नेकपा मशाल (संयुक्त जनमोर्चा) तेस्रो प्रतिपक्ष शक्तिको रूपमा स्थापित हुन्छ ।

२०४९ सालमा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशन हुन्छ । चौथो महाधिवेशनमा नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई समृद्ध र सामयिक बनाउने उद्देश्यले अङ्कुशरण भएको बहुदलीय प्रतिस्पर्धाको अवधारणालाई कमरेड मदन भण्डारीले जनताको बहुदलीय जनवादी कार्यक्रमका रूपमा प्रस्तुति गर्नुहुन्छ र पारित हुन्छ । जुन कार्यक्रममा क्रान्तिपश्चात् समाजवादी चरणमा प्रवेश गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

२०५१ सालको मध्यावधि निर्वाचनमा एमाले संसदको सबैभन्दा ठूलो पार्टी शक्तिको रूपमा संसदमा स्थापित हुन्छ, र क. मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको लोकप्रिय सरकार सञ्चालन गरेर राज्य भनेको जनताको पनि हुन्छ भन्ने अनुभूति दिलाउँछ । तर नेकाको अगुवाइमा ९ महिनामै लोकप्रिय सरकारलाई अपदस्त गरिन्छ । ज्येष्ठ नागरिक भत्ता र सामाजिक सुरक्षा कार्यक्रम र आफ्नो गाउँ आफैँ बनाऔं भन्ने सन्देशका साथ अगाडि बढाइएको कार्यक्रम गाउँमुखी र जनमुखी विकासको आधारशिला र लोक कल्याणकारी राज्यका लागि मार्गदर्शन बनेको छ ।

-२०५१ मा निर्वाचन बहिष्कार गरेको नेकपा मशाल र नेकपा एकता केन्द्र एकीकृत भइ नेकपा माओवादी पार्टीको रूपमा अघि बढ्छ । २०५२ साल फाल्गुण १ गतेदेखि सशस्त्र जनयुद्ध (संघर्ष)द्वारा राजतन्त्रको उन्मूलन गर्ने कार्य दिशालाई अगाडि बढाउँछ ।

-२०५९ साल चैत्र १९ गते दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्रले २०६२ असोज १८ गते निर्वाचित शेरबहादुर देउवाको सरकारलाई विघटन गरी आफ्नै अध्यक्षतामा सरकार गठन गर्छन् र दलहरूमाथि अघोषित प्रतिबन्ध लगाउँछन् ।

-२०६२ भाद्रमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र बीचमा राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र संयुक्त स्थापनाका लागि शान्तिपूर्ण आन्दोलन गर्ने विषयमा रोल्पामा सम्झौता हुन्छ ।

-२०६२ मंसिर ४ गते नेकपा एमाले लुम्बिनीले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि संयुक्त संघर्ष गर्ने उद्घोष बुटवलमा आयोजित १ लाखभन्दा बढी जनता सहभागी भए, जनमासमा उद्घोष गर्दछ ।

-२०६२ फाल्गुण ७ गते नेकपा माओवादी र प्रतिगमन विरोधी आन्दोलनमा सरिक नेकपा एमालेको र नेकासहितको नेकपा माओवादीसँग १२ बुंदे सम्झौता भइ २०६२/०६३ को १९ दिने आन्दोलनमार्फत् लोकतन्त्रको स्थापना २०६३ बैशाख ११ गते हुन पुग्दछ ।

-२०६४ चैत्र २८ मा संविधानसभाको निर्वाचनमा नेकपा माओवादी केन्द्र संविधानसभामा प्रथम शक्तिका रूपमा स्थापित हुन्छ । २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकको निर्णयबाट राजतन्त्रको अन्त्य गरिन्छ ।

-२०७० मंसिर ४ गते पुनः संविधानसभाको निर्वाचनमा नेका पहिलो एमाले दोस्रो र माओवादी केन्द्र तेस्रो शक्तिका रूपमा स्थापित भई २०७२ साल असोज ३ गते नेपालको संविधान जारी हुन्छ ।

-२०७४ सालको संघीय तहको निर्वाचन र प्रदेश तहको निर्वाचनको पूर्वघडीमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रले संयुक्त निर्वाचन घोषणा पत्रमार्फत् निर्वाचन अभियानमा जुटेपछि शानदार विजय हासिल गर्न पुगेको अवस्था छ ।

-२०७५ जेठ ३ गते नेकपा एमाले र नेकपा माओवादी केन्द्रको बीचमा एकीकरण भइ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्माण भएको अवस्था छ ।

**८. कमरेड पुष्पलालको रचनाहरूको सान्दर्भिकता र अध्ययनको महत्वः**

मार्क्सवादी अध्ययेता सिद्धान्तकार, सङ्गठक मात्र नभइ उहाँ सिद्धहस्त लेखक, समीक्षक, समाजशास्त्री, दार्शनिक, इतिहासवेत्ता जस्ता बहुआयामिक व्यक्तित्वका धनी हुनु हुन्थ्यो । उहाँले नेकपाको गठन मात्र गर्नु भएन पार्टी सञ्चालनका नीति विधि, पद्धतिलाई दस्ताबेजीकरण गर्नु भएको छ । नेकपाको पहिलो पर्चा २०४९ बैशाख १२, नेकपाको घोषणा पत्र १५ सेप्टेम्बर, विश्व कम्युनिष्ट घोषणा पत्रको नेपालीमा अनुवाद र त्यसको भूमिका, अनेकि संघका घोषणा पत्र, नेपाल कम्युनिष्ट पार्टीको राजनीतिक प्रस्ताव, नयाँ जनवादी कार्यक्रम, राष्ट्रको नाममा नेकपाको अपिल २०१७, हाम्रो मूल बाटो नेपाली जनआन्दोलनको एक समीक्षा, नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, नेपालमा भातृ सत्तात्मक समाज, नेपालमा राजतन्त्रको उद्भव, विकास र भविष्य, नेपाली समाजको ऐतिहासिक भौतिकवादी अध्ययन, कविला र दलित समुदायप्रतिको दृष्टिकोण, नयाँ जनवादी क्रान्ति भनेको के हो ? जस्ता ५०औं राजनीतिक दार्शनिक कृतिहरू अद्यापि सान्दर्भिक र पठनीय छन् । सिद्धान्त, सङ्घर्ष र सङ्गठनको क्षेत्रमा उहाँले जग हाल्ने काम मात्रै गर्नु भएन, त्यसलाई जीवन पर्यन्त लागू गर्न निष्ठापूर्वक प्रयत्नशील रहनु भयो । सशस्त्र सङ्घर्षलाई निरपेक्ष रूपमा नभई सापेक्षित रूपमा अवलम्बन गर्नुपर्ने मान्यता राख्ने कमरेड पुष्पलालले राजतन्त्रात्मक पञ्चायतलाई उन्मूलन गर्न संयुक्त सङ्घर्षमा नै प्रमुख रूपले जोड दिनु भयो, तर नेपाली कांग्रेसका नेता बी.पी. ले कम्युनिष्टहरूसँग सहकार्य गर्न कहिल्यै पनि तयार भएनन् । तर इतिहासका पानाहरू पल्टाएर हेर्दा २०४६ सालको आन्दोलन २०६२/०६३ को आन्दोलन र संविधान निर्माणको अभियानमा संयुक्त प्रयास र सङ्घर्षबाट मात्रै सम्भव भएको देखिन्छ । राजतन्त्रको प्रमुख दुश्मन र आँखाको कसिङ्गर ठानिनु भएका क. पुष्पलाल जीवितै त देशभित्र रहन पाउनु भएन, मृत्युपश्चात् पनि उहाँको लाशसित समेत भयमीत र त्रस्त भएका कायर शासकहरूले लाश समेत स्वदेशभित्र ल्याउन नदिनुले उहाँको र क्रान्तिकारी उचाइ र सगरमाथा जस्तो उच्च भएको प्रष्ट हुन्छ ।

**निचोड :**

शान्तिपूर्ण र सशस्त्र संघर्षहरूको बेजोड मिलनबाट पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइ निर्वाचित संविधानसभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानको आलोकमा मुलुक अगाडि बढ्दैछ । उहाँले निर्माण गरेको पार्टी आज राज्यसत्ता र जनताको केन्द्र भागमा छ । समृद्ध नेपाल र सुखी नेपाली जनताको सपनालाई विपना बनाउँदै समाजवाद निर्माणको महत्तम जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जाहेर गरिएको छ । समृद्ध नेपाल र सुखी नेपालीको आधार र मापनका सूचक र नेपाली समाजको धरातलीय यथार्थमा लागू गरिने समाजवादका सूचक के(के हुने, यसबारे जिज्ञासाहरू उठेका छन्, यसबारे नेकपाले प्रष्ट पारेर अघि बढ्नु पर्ने आवश्यकता पनि त्यत्तिकै छ ।

राजनीतिक अविश्रान्त योद्धा, नेपाली कम्युनिष्ट आन्दोलनका आदिसिद्धान्तकार पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाललाई एकीकृत नेकपाको महासचिव हुने अवसर कहिल्यै पनि दिइएन । तर सिद्धान्त र विचार निर्माणमा उहाँको भूमिका सर्वाधिक अग्रण्य र प्रभावकारी रह्यो । यिनै आन्तरिक गुण, विशेषता, क्षमता र लगनशिलताले उहाँलाई अमर बनाएको छ । त्यसैले अन्त्यमा भन्न मन लाग्छ :-

कामले मान्छे अमर हुन्छ पदले हुँदैन ।
इमानीहरू संपूज्य हुन्छन् वैमानी हुँदैन ।
कागजी डिग्री कागजमै रहे दराजमा थन्किए ।
जनताका सेवक पुष्पलाल भने विना पद चम्किए ।
पुष्पलालका रचनाहरूका खोजी खोजी पढौं

*सन्दर्भ सामग्रीहरू*

१. नेपालमा कम्युनिष्ट आन्दोलनको सङ्क्षिप्त इतिहास

२. नयाँ जनवादी कार्यक्रम

३. पुष्पलाल- छानिएका रचनाहरू भाग १, भाग २, भाग ३, भाग ४

४. पुष्पाल  जीवन, कृतित्व र शिक्षा नेत्र पन्थी

५. नव युग वर्ष २०, अङ्क १० भाद्र २०६७ पुष्पलालको हिस्ट्रोरिकल नोट्स एक अध्ययन नारद भारद्वाज

६. लुम्बिनी अञ्चल भित्रका कम्युनिष्ट आन्दोलनको इतिहास (अप्रकाशित) झपेन्द्र जी.सी.

# बुबाको स्मृतिमा विद्यालयमा अक्षयकोष




गुल्मी । गुल्मीमा बुबाको स्मृतिमा छोराहरुले एक विद्यालयमा अक्षयकोषको घोषणा गरेकका छन् । जिल्लाको रेसुङ्गा नगरपालिका-२ निवासी स्व हेमराज मरासिनीको स्मृतिमा छोरा नवीन, सञ्जीव र डा सञ्जयले रेसुङ्गा-१ मा रहेको महेन्द्र माध्यमिक विद्यालयमा रु तीन लाख १५ हजारको अक्षयकोषको स्थापना गरेका हुन् ।

स्व. हेमराज विद्यालयको अङ्ग्रेजी शिक्षक थिए । उनको एक वर्षअघि निधन भएको थियो । बुबाको वार्षिक पुण्यतिथिका अवसरमा छोराहरुले बुबाले अध्यापन गराएको विद्यालयमा अक्षयकोषको स्थापना गरेका हुन् । विद्यालयलाई प्रदान गरेको रकमबाट कक्षा ५, ८, एसईई र कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जनाइएको छ ।

अब छिट्टै कार्यविधि बनाएर उक्त रकम विद्यार्थीको छात्रवृत्तिका लागि प्रयोग गरिने विद्यालयले जनाएको छ । छात्रवृत्ति स्थापना गर्नेमध्येका जेठो छोरा नवीन मरासिनी काठमाडौं विश्वविद्यालयमा अध्यापनरत छन् । उनी पनि महेन्द्र माविका पूर्वशिक्षक थिए । माइलो छोरा सञ्जीव मरासिनी नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको रिडी संस्कृत विद्यापीठमा अङ्ग्रेजी विषयको उपप्राध्यापक छन् भने कान्छो छोरा डा.सञ्जय मरासिनी न्युजील्यान्डमा नेत्र विशेषज्ञका रुपमा कार्यरत छन् ।

# बाँकेमा प्रदेश सरकारको ३१ प्रतिशत बढी बजेट 'फ्रिज'



राँझा (बाँके) । बाँकेमा गत आव २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारको ३१ प्रतिशत बढी बजेट 'फ्रिज' भएको छ । प्रदेश सरकारअन्तर्गतका कार्यालयले बजेट खर्च गर्न नसकेपछि फिर्ता भएको हो ।

आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट बाँकेका लागि कूल रु तीन अर्ब ६० करोड ९२ लाख ५६ हजार बजेट विनियोजन भएकामा ६८ दशमलव ९६ प्रतिशत रु दुई अर्ब ४८ करोड ८८ लाख १२ हजार पाँच सय ९० मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक मोहनशरण भण्डारीले जानकारी दिए । उनका अनुसार प्रदेश सरकारले पुँजीगत खर्चतर्फ रु दुई अर्ब २२ करोड ८२ लाख २२ हजार विनियोजन गरेकामा ६८ दशमलव ८५ प्रतिशत अर्थात् रु एक अर्ब ५३ करोड ४१ लाख ७८ हजार चार सय १४ खर्च भएको हो । चालुतर्फ ६९ दशमलव १२ प्रतिशत खर्च अर्थात् विनियोजित बजेट रु एक अर्ब ३८ करोड १० लाख ३४ हजारमध्ये रु ९५ लाख ४६ हजार ३४ हजार एक सय ७५ मात्रै खर्च भएको छ ।

प्रदेश सरकारले गत आव २०८०/८१ मा अघिल्ला दुई आवको तुलनामा बजेट कम खर्च गरेको हो । आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारले चालुतर्फ ७५ दशमलव ५१ प्रतिशत, पुँजीगततर्फ ७८ दशमलव शून्य दुई प्रतिशत र कूल बजेटको ७६ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको थियो ।

त्यस्तै आव २०७९/८० मा कुल बजेटको ७३ दशमलव ११ प्रतिशत बजेट खर्च गरेको प्रदेश सरकारले चालुतर्फ ७१ दशमलव ६२ र पुँजीगत तर्फ ७४ दशमलव शून्य आठ प्रतिशत बजेट खर्च गरेको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक भण्डारीले बताए ।

आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा सङ्घअन्तर्गतका कार्यालयहरूले ८६ दशमलव ६४ प्रतिशत पुँजीगत बजेट खर्च गरेका छन् । यो खर्च प्रतिशत त्यसअघिको दुई आवको तुलनामा बढी हो । कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक भण्डारीले जिल्लामा विगतको तुलनामा पुँजीगत खर्च प्रतिशत बढेको बताए ।

सङ्घीय कार्यालयतर्फ आर्थिक वर्ष २०७८/७९ मा ७५ दशमलव ३७ प्रतिशत, आव २०७९/८० मा ७७ दशमलव १९ र आव २०८०/८१ मा ८६ दशमलव ६४ प्रतिशत विकास खर्च भएको हो । आर्थिक वर्ष २०८०/८१ मा बाँकेलाई संघीय सरकारले चालु र पुँजीगत गरी कूल रु १८ अर्ब २४ करोड ७० लाख ९२ हजार चार सय २६ विनियोजन गरेको थियो । त्यसमध्ये पुँजीगततर्फ रु छ अर्ब १३ करोड २९ लाख १५ हजार सात सय १६ विनियोजन भएकामा रु पाँच अर्ब ३१ करोड ३४ लाख ६४ हजार नौ सय ६९ रुपैयाँ खर्च भएको हो ।

त्यस्तै चालुतर्फ रु १२ अर्ब ११ करोड ४१ लाख ७६ हजार सात सय १० विनियोजन भएकामा रु ११ अर्ब ३५ करोड ९८ लाख ३८ हजार छ सय २१ खर्च भएको प्रमुख कोष नियन्त्रक भण्डारीले जानकारी दिए । अघिल्लो आव २०७९/८० मा चालुतर्फ रु १२ अर्ब २० करोड २४ लाख २७ हजार सात सय ३० विनियोजन भएकामा रु ११ अर्ब ५० करोड ४५ लाख ४६ हजार दुई सय १९ खर्च भयो भने पुँजीगततर्फ रु आठ अर्ब ४५ करोड ८६ लाख एक हजार छ सय ४२ विनियोजन भएकामा रु छ अर्ब २१ करोड आठ लाख ७६ हजार सात सय २८ खर्च भएको थियो ।

बाँकेमा अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलन वृद्धि भएको छ । सङ्घीय सरकार र प्रदेश सरकार मातहत रहेका जिल्लास्थित कार्यालयबाट आर्थिक वर्ष २०८०/८१ मा अघिल्लो आवको तुलनामा राजस्व सङ्कलन वृद्धि भएको कोष तथा लेखा नियन्त्रणक कार्यालयका प्रमुख कोष नियन्त्रक मोहनशरण भण्डारीले जनाए ।

उनका अनुसार, सङ्घतर्फ गत आर्थिक वर्ष २०८०/८१ मा बाँकेमा रु २५ अर्ब दुई करोड १० लाख १८ हजार पाँच सय २० राजस्व सङ्कलन भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा रु २४ अर्ब ५९ करोड २६ लाख ६९ हजार एक सय ३० राजस्व सङ्कलन भएको थियो ।

प्रदेशतर्फ गत आर्थिक वर्ष २०८०/८१ मा रु ९२ करोड तीन लाख ४६ हजार आठ सय ४४ राजस्व सङ्कलन भएको छ । त्यसअघिको आव २०७९/८० मा रु ८३ करोड छ लाख ९२ हजार दुई सय २४ राजस्व सङ्कलन भएको थियो । रासस

# बर्सेनि अपराधका घटना किन बढिरहेका छन् ?




काठमाडौं । बर्सेनि अपराधका घटनामा वृद्धि हुँदै गइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ । नेपाल प्रहरीले उपलब्ध गराएको पछिल्लो चार आर्थिक वर्षका तथ्याङ्कले अपराधको संख्या बर्सेनि बढ्दै गएको पुष्टि गर्छ ।

आर्थिक वर्ष २०७७/७८ मा देशभर विभिन्न प्रकृतिका ४० हजार एक सय २० अपराधिक घटनाको मुद्दा दर्ता भएकामा गत आव २०८०/८१ सम्म आइपुग्दा त्यो संख्या बढेर ५९ हजार दुई सय तीन पुगेको छ । आव २०७८/७९ मा ४६ हजार नौ सय दुई र आव २०७९/८० मा ५६ हजार तीन सय २३ मुद्दा प्रहरीमा दर्ता भएका छन् ।

अघिल्लो आवको तुलनामा गत आवमा पाँच दशमलव ११ प्रतिशतले मुद्दा दर्ता वृद्धि भएको छ । गत वर्ष सबैभन्दा बढी काठमाडौं उपत्यकामा १७ हजार ४५ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ । पछिल्लो समय सबैभन्दा धेरै आर्थिक अपराध देखिएको छ । चेक अनादरको मुद्धा बढी मात्रामा दर्ता भएका छन् । काठमाडौं उपत्यकामा आर्थिक गतिविधि केन्द्रित हुँदा आर्थिक अपराधको घटना बढेको प्रहरीको भनाइ छ ।

मधेसमा नौ हजार छ सय २०, कोशीमा नौ हजार तीन सय ७८, लुम्बिनीमा सात हजार छ सय ४४, बागमतीमा पाँच हजार एक सय ९७, गण्डकीमा चार हजार छ सय ९८, सुदूरपश्चिममा तीन हजार छ सय एक र कर्णालीमा दुई हजार २० वटा आपराधिक घटनाको मुद्दा दर्ता भएका छन् ।

गत वर्ष सबैभन्दा बढी १३ हजार दुई सय ६३ बैङ्किङ कसुरसम्बन्धी मुद्दा दर्ता भएका प्रहरीको तथ्याङ्क छ । सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकतासम्बन्धी १० हजार सात सय ५६, आत्महत्या सात हजार एक सय ९४, लागुऔषध चार हजार तीन सय ९८, चोरी तीन हजार सात सय ५८, जबरजस्ती करणी दुई हजार पाँच सय सात, ठगी एक हजार आठ सय ७४, सवारी ज्यान एक हजार सात सय ७५ र ज्यान मार्ने उद्योगसम्बन्धी एक हजार १९ वटा मुद्दा दर्ता भएका छन् । प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्की भूमण्डलीकरणले ल्याएको परिवर्तन, प्रविधि विकास तथा आर्थिक गतिविधि अत्यन्त चलायमान भएका कारण परम्परागत प्रकृतिका अपराधका तुलनामा आर्थिक र साइबर अपराधका घटना बढेका बताउँछन् ।

"परम्परागत प्रकृतिका अपराध खासै बढेका छैनन्, विगतमा आर्थिक कारणले अन्य अपराध हुन्थे, अहिले त्यसको स्वरुप बदलिएको छ, आर्थिक नै अपराधका रुपमा वृद्धि भएका छन्", प्रहरी प्रधान कार्यालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले भने-"आर्थिक अपराध गाउँमा छैनन्, जहाँ आर्थिक गतिविधि बढी हुन्छन्, त्यहाँ आर्थिक अपराधका मुद्दा बढी दर्ता भएका छन् ।" पछिल्लो समय प्रविधिको विकाससँगै अपराधको स्वरुप पनि बदलिएको उनको भनाइ छ । प्रवक्ता कार्कीले नेपाल प्रहरी अपराधका घटना न्यूनीकरण गर्न र अपराधीलाई कानुनी दायरामा ल्याउन निरन्तर क्रियाशील रहेको बताए । "समुदाय-प्रहरी साझेदारीअन्तर्गत साइबर सुरक्षा तथा सडक दुर्घटना र आत्महत्या न्यूनीकरणलगायतका घटना हुन नदिन प्रयास थालिएको छ ।"-उनले भने ।

**यस्ता...**

६. राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताको आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने ।

७. राष्ट्रिय सहमति सरकार सहमतिको सरकारको मर्म र भावनाअनुरूप प्रदेश सरकारको गठन र सञ्चालन गर्ने र जनभावनानुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने ।

**देशभर...**

डेङ्गुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ ।

सङ्क्रमितलाई कसरी हेरचाह गर्ने

सङ्क्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, सङ्क्रमितको हेरचाहमा खटिँदा पूराबाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइला व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकाम जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउनु डा. दाहालले जानकारी दिए ।

लक्षणहरु

उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा बान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासी उच्च ज्वरो आउने, बान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जान मन्त्रालयले अनुरोध गरेको छ ।

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मिति २०८१।०४।०७

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह, ३ को वनबाट आ.व.०८०/०८१ मा उत्पादित समूहको घाटगद्दीमा विभिन्न लट कायम भएको साल र अन्य जात समेत गरी गोलिया थान ६१६ को ३७१०.६६ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गुर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनी वा उद्योगले यो सूचना दोश्रो पटक प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी २२ औं दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**

**सुनवल ३ किर्तिपुर,१ नवलपरासी (ब.सु.प)**

## स्वर्गद्वारी नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**भिंगृ, प्यूठान, लुम्विनी प्रदेश नेपाल**

## आन्तरिक आय/क्यान्टिन संचालनको ठेक्का सम्बन्धि सूचना

**सूचना प्रकशित मिति : २०८१/०४/०७ गते**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ६१ द्वारा प्रदत अधिकारको प्रयोग गरी यस स्वर्गद्वारी नगरपालिका ,भिंग्री प्युठान भित्र संकलन भइ निकासी गर्दा लाग्ने वस्तुमा कवाडी कर सङ्कलन गर्ने/ नदिजन्य पदार्थको उपयोगको कर र यस नगरपालिकाको क्यान्टिन संचालनको लागि आ.व. २०८१/८२ को लागि देहाय अनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न इच्छुक व्यक्ति/ फर्म वा कम्पनिहरुबाट यो सूचना प्रकाशन भएको मितिले देहायबमोजिमको मितिभित्र रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध गरिन्छ ।

**तपसिलः**

| सि.न | सूचना नं | ठेक्काको नाम | बोलपत्र फारम खरिद गर्ने अन्तिम समय | प्रस्ताव पेश गर्ने अन्तिम मिति | न्युनतम कबोल अंक(मु.अ.क. सहित ) | धरौटी रकम (नेपाली रुपैया ) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | नगर क्यान्टिन संचालन (दोश्रो पटक प्रकाशित ) | २०८१/०४/१३ कार्यालय समय भित्र | २०८१/०४/१४ १२:०० बजे सम्म | अधिकतम कबोल अंक बोलपत्र फाराममा उल्लेख भए बमोजिम | रु. ३०,०००/- | १०००।- | घटीघटाउ ठेक्का |
| २ | ३ | कवाडी तथा मृत जिवजन्तु कर | २०८१/०४/२१ कार्यालय समय भित्र | २०८१/०४/२२ १२:०० बजे सम्म | ५,००,०००/- | ४०,०००/- | १०००।- | बढीबढाऊ ठेक्का |
| ३ | ४ | नदिजन्य पदार्थ (ढुंगा,गिट्टी,वालुवा) कर | २०८१/०५/०४ १२:०० बजे सम्म | २०८१/०५/०४ १२:०० बजे सम्म | ६०,५०,०००/- | ४,००,०००/ | ३०००।- | बढीबढाऊ ठेक्का |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. ठेक्काको लागि सम्पूर्ण आवस्यक शर्तहरु यस स्वर्गद्वारी नगरपालिकाको राजस्व शाखामा तोकिएको बोलपत्र फाराम दस्तुर बुझाएको सक्कल भौचर पेश गरेपछि नगरपालिकाबाट बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२. प्रस्तावदाताले सोहि बोलपत्र फारममा तोकिएको सम्पूर्ण नियम र खरिद ऐनको अधिनमा रही तोकिएको शर्तभित्र हुने गरी उल्लेखित समय सिमाभित्र आफ्नो प्रस्ताव दर्ता गराउन पर्ने छ ।म्याद नाघेर वा पुर्व शर्त सहित पेश भएका प्रस्तावहरुमाथि कुनै कार्यवाही हुने छैन ।

३. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस स्वर्गद्वारी नगरपालिकामा निहित हुने छ ।

**भोज बहादुर भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



**व्यावसायिक मौरीपालनः**
घोराही उप-महानगरपालिका-१५ का विष्णु श्रेष्ठले व्यावसायिक रूपमा पालेका मौरी । चरनका लागि घोराही-६ गुरुवागाउँमा राखिएको छ । तस्विरः रञ्जिता अधिकारी/रासस

# उद्योगमा विद्युत्लाइन जोड्न आयोगको निर्देशन

**लुम्बिनी संवाददाता**
*बुटवल*

विद्युत नियमन आयोगकोमार्फत् नेपाल विद्युत प्राधिकरणलाई उद्योगहरूको बिजुली जोड्न निर्देशन दिइएको छ । आइतबार बसेको आयोगको बैठकले प्राधिकरणलाई उद्योगहरूको विद्युत्लाइन जोड्न लिखित निर्देशन दिएको हो ।

यसअघि प्रधानमन्त्री केपी ओलीले दिएको निर्देशन विद्युत् प्राधिकरण नेतृत्वले कार्यान्वयन गरको थिएन । आयोगका अध्यक्ष रामप्रसाद धितालले नियमन आयोगले एक वर्ष पहिला जारी गरेको कानून व्यववस्था कार्यान्वयनका लागि प्राधिकरणलाई निर्देशन दिएको बताए ।

विद्युत् प्राधिकरणले डेडिकेटेड-ट्रंकलाइन विवादका कारण ५ वटा उद्योगको लाइन काटेको छ । २०७२ साल माघदेखि २०७५ साल बैशाखसम्मको अवधिको डेडिकेटेड-ट्रंकलाइनको बक्यौताबापत ६१ वटा उद्योगले जरिवानासहित साढे ८ अर्ब रुपैयाँभन्दा बढी तिर्नुपर्ने प्राधिकरणको भनाइ छ ।

गिरिशचन्द्रलाल नेतृत्वको न्यायिक समितिले यही प्रतिवेदन दिएको प्राधिकरणको दाबी छ । तर, उद्योगीहरू भने लाल नेतृत्वको समितिको प्रतिवेदन कार्यान्वयन गर्न उद्योगी तयार रहे पनि बिल पठाउनुपर्ने बताउँदै आइरहेका छन् । विद्युत् उपभोग गरेको बिल नपाएसम्म १ रुपैयाँ पनि नतिर्ने उद्योगीको अडान रहँदै आएको छ ।

प्राधिकरणले हालसम्म जगदम्बा स्टिल, जगदम्बा सिन्थेटिक्स, हुलास स्टिल, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्टको बिजुली काटिसकेको छ ।




यसपछि सबै उद्योगीले धमाधम प्राधिकरणको लाइन स्वस्फूर्त रूपमा काट्दै आएका छन् । यसबाट दैनिक ५०० मेगावाट आसपास बिजुली खेर जाने उद्योगीको भनाइ छ ।

प्राधिकरणले बिजुलीको लाइन काटेपछि उद्योगीहरूले गत शुक्रबार आयोगमा निवेदन दिएका थिए । सोही निवेदनमाथि आज सुनुवाइ गर्दै आयोगको बैठकले निर्देशिका कार्यान्वयनको निर्देशन दिएको हो । यससँगै प्राधिकरणले बिजुली जोड्नुपर्ने आयोगको भनाइ छ । यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको मौखिक निर्देशन नमान्ने निर्णय प्राधिकरणको सञ्चालक समितिले गरेको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उद्योगको लाइन तत्काल जोड्न प्राधिकरणलाई मौखिक निर्देशन दिएका थिए । सो निर्देशन मान्ने-नमान्ने विषयमा झन्डै २ घण्टासम्म प्राधिकरणको सञ्चालक समितिको बैठक बसेको थियो । सो बैठकले मौखिक निर्देशन मान्नुपर्ने आधार नरहेको भन्दै निर्देशन खारेज गरिदिएको थियो ।

# डम्पिङ साइटको फोहोर व्यवस्थापन गर्न अल्टिमेटम



**गोविन्द घर्ती**
*देवदह*

बुद्ध सामुदायिक वन उपभोक्ता समूहले डम्पिङ्ग साइटको फोहोर उचित तरिकाले व्यवस्थापन नभएको भन्दै १५ दिनभित्र व्यवस्थापन गर्न देवदह नगरपालिकालाई आग्रह गरेको छ । देवदह नगरपालिकाले सञ्चालन गरेको डम्पिङ्ग साइड व्यवस्थित नभएको र डम्पिङ्ग साइडबाट निस्केको दुर्गन्धका कारण स्थानीयवासीहरूले सास्ती भोग्न बाध्य भएको भन्दै १५ दिनभित्र डम्पिङ्ग व्यवस्थित गर्न आग्रह गरेको हो ।

डम्पिङ्ग साइडबाट निस्केको फोहोरका कारण गाउमा दुर्गन्ध फैलिएको भन्दै बुद्ध सामुदायिक वन उपभोक्ता समूहको बैठकले डम्पिङ्ग साइडको फोहोर व्यवस्थित गर्न नगरपालिकालाई आग्रह गरेको समूहका अध्यक्ष टेकबहादुर रानाले बताए । बुद्ध सामुदायिक वन उपभोक्ता समूह र स्थानीयवासीको संयुक्त टोलीले फोहोर डम्पिङ्ग साइडको अवलोकन गर्दै देवदह नगरपालिकाले तत्काल डम्पिङ्ग व्यवस्थित गर्न माग गरेको हो ।

डम्पिङ्ग साइडमा फालिएको फोहोरलाई तत्काल व्यवस्थित नगरे उक्त क्षेत्रमा फोहोर फाल्न नदिने स्थानीयवासीहरूको भनाइ रहेको छ । देवदह नगरपालिकाले डम्पिङ्ग साइडमा फोहोरको उचित व्यवस्थापन नगरेको भन्दै स्थानीयवासी आक्रोसित भएका छन् । डम्पिङ्ग साइडबाट निस्केको दुर्गन्धका कारण आमनागरिक विभिन्न रोगबाट ग्रष्ट हुनु परेको स्थानीयवासीहरूको भनाइ रहेको छ । १५ दिनभित्र डम्पिङ्ग साइडको फोहोर व्यवस्थित नगरे उक्त क्षेत्रमा फोहोर फाल्न नदिने अध्यक्ष रानाले जनाए । डम्पिङ्ग साइडको फोहोर व्यवस्थापन गर्न नगरपालिकालाई पटक/पटक आग्रह गरे पनि बेवास्ता गर्दै आइरहेको अध्यक्ष रानाले बताए । डम्पिङ्ग साईडको फोहोर व्यवस्थित नगर्दा आगलागी हुने र त्यसबाट निस्केको धुवाले स्थानीयवासीलाई असर गर्ने गरेको उनले जनाए । फोहोर व्यवस्थापनको लागि नगरपालिकाले वार्षिक रूपमा बजेट विनियोजन गर्नुपर्ने भए पनि नगरपालिकाले वेवास्ता गर्दै आएको रानाले जानकारी दिए । सामुदायिक वनले नगरपालिकालाई गरेको आग्रह सुनुवाइ नभएको भन्दै अब पनि व्यवस्थित नगरे बाध्य भएर फोहोर फाल्न नदिने समुहले निर्णय गरेको उनले बताए ।

डम्पिङ्ग साइडको फोहोरका कारण वन क्षेत्र समेत दुर्गन्धित बन्दै गएको समूहका पूर्वअध्यक्ष यमलाल तिवारीले जनाए । तिवारीले नगरपालिकाले तत्काल फोहोर व्यवस्थापन गर्नुपर्ने बताउँदै व्यवस्थित गर्न नसके अन्यत्र डम्पिङ्ग साइडको खोजी गर्न आग्रह गरे । उनले डम्पिङ्ग साइडको फोहोर व्यवस्थापन गर्न गरेको स्थानीयवासीको आग्रहलाई नगरपालिकाले बेवास्ता गर्दै आइरहेको जनाए ।

त्यसैगरी समूहका सदस्य राधिका काफ्लेले फोहोरका कारण बुद्ध सामुदायिक वन क्षेत्र नै दुर्गन्धित बन्दै गएको बताइन । देवदह क्षेत्रको फोहोर संकलन गरी डम्पिङ्ग साइडमा लगेर फाल्ने गरेको र हावा हुरी आउँदा उक्त फोहोर वन क्षेत्रमा पुऱ्याउने गरेको काफ्लेले जनाइन ।

फोहोर व्यवस्थापन गर्न नगरप्रमुख ध्रुवप्रसाद खरेललाई आग्रह गरे पनि आश्वासन मात्र दिने, तर सुनुवाइ नहुने हरि पौडेलले बताए । डम्पिङ्ग साइडको फोहोर व्यवस्थित नहुँदा आफूहरू वन जंगलमा घाँस दाउरा गर्न समेत समस्या भएको स्थानीयवासी पूर्णिमा थापाले बताइन । उनले नगरपालिकाले तत्काल फोहोर व्यवस्थापन गर्नुपर्नेमा जोड दिइन ।

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं ।**
- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
-पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी समयसमयमा सफा गरौं ।
-घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com